बुद्धभूमि नगरपालिकाको राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि २०७४ को अनुसूची -२
दफा ४ तथा अनुसूची १ को भाग २ सँग सम्बन्धित

# बुद्धभूमि राजपत्र

## कपिलवस्तु

## (स्थानीय राजपत्र)

खण्ड १ बर्ष ६ अंक २० मिति : भदौ ६ गते २०७९

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम बुद्धभूमि नगरपालिकाले बनाएको तल उल्लेखित बमोजिमको ऐन, कार्यविधी, निर्देशिका सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

## भाग -२

# बुद्धभूमि नगरपालिकाको टोल विकास संस्था गठन कार्यविधि २०७७ को पहिलो संसोधन (२०७९)

नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०७९।५।०५ गते

| क्र. सं | भएको विषय | सच्याउनु पर्ने थप विषय | सच्याउनु पर्ने कारण |
|---|---|---|---|
| १ | टोल विकास संस्थाको प्रमाणपत्रमा अनुसूची ३ उल्लेख नभएको,<br>प्रमाण पत्रमा प्रमुख प्रशासकीय अधिकृत, नगरप्रमुख र नगर उपप्रमुखबाट जारी गर्ने गरी प्रमाणपत्र छपाई भएको। | टोल विकास संस्थालाई जारी गर्ने प्रमाण पत्रमा अनुसूची-३ उल्लेख गर्ने र जारी गर्ने पदाधिकारीमा अधिकृतको दस्तखत राख्ने | अनुसूची नभएको, जारी गर्ने पदाधिकारी समेत भएको कारण काम सरलीकृत गर्न अधिकृत स्तरको कर्मचारीलाई प्रमाण पत्र जारी गर्ने अधिकृतको रूपमा राख्नु पर्ने। |

# बुद्धभूमि नगरपालिकाको बाल समूह र संजाल गठन कार्यविधि २०७५ को पहिलो संसोधन (२०७९)

| क्र. सं | भएको विषय | सच्याउनु पर्ने थप विषय | सच्याउनु पर्ने कारण |
|---|---|---|---|
| १ | बुदा नं १० आबद्धता तथाशुचिकरणमा भएको व्यवस्था | बुदा नं १० आबद्धता तथाशुचिकरणमा भएको व्यवस्था | |

| | | | |
|---|---|---|---|
| | (१) समुदाय तथा विद्यालयमा गठन भएका बाल समुहहरु गठन भएको एक महिना भित्र नगरपालिका र वडा कार्यालयमा सुचिकृत गर्नु पर्ने छ । वडा कार्यालयमा सुचिकृत भएका बालसमुह/ संजालको विवरण वडा कार्यालयबाट नियमित रुपमा नगरपालिकामा पठाउनु पर्ने छ। यसरी सुचिकरण भएका बाल समुहलाई नगरपालिकाबाट सुचिकरणको प्रमाण पत्र प्रदान गरीनेछ। | १. समुदाय तथा विद्यालयमा गठन भएका बाल समुहहरु गठन भएको एक महिना भित्र वडा कार्यालयमा दर्ता गर्नु पर्ने छ । वडा कार्यालयमा दर्ता भएका बाल समुह/ बाल संजाल वडा कार्यालयबाट शुचिकृतका लागि नगरपालिकामा पठाउनु पर्ने छ । यसरी वडामा दर्ता भएका बाल समुहहरुलाई न ग र पा लि का बा ट सुचिकरणको प्रमाण -पत्र अनुसुचि -७ बमोजिम प्रदान गरिनेछ। | (१) बाल समुह/ संजाल दर्ता प्रमाण-पत्र निर्देशिकामा नभएकोले अनुसुचि -७ थप गरी प्रमाण –पत्र को व्यवस्था गर्ने।<br><br>(२) यस निर्देशिकामा बालक्लब उल्लेख भएको ठाँउमा बाल समुह / संजाल गराउनु पर्ने। |
| | (२) बाल समुह सुचिकरण हुँदा समुहको नाम उद्देश्य कार्य समितिका पदाधिकारी तथा सदस्यको नाम सहज कर्ताको नाम र सम्पर्क ठेगाना र आबद्ध निकाय खुलाईएको हुनु पर्ने छ। | | |

| | | | |
|---|---|---|---|
| | (३)सुचिकृत बाल समुहहरु हरेक वर्ष अद्यावधिक गर्न सकिने छ ।यसरी अद्यावधिक हुँदा सम्बधित समुहले अद्यावधिक गर्ने व्यहोराको निवेदन बाल समुहको बार्षिक भेलाको उपस्थिति र विद्यमान कार्य समितिको नामावलि सहज कर्ताको नाम र सम्पर्क ठेगाना र बाल समुहले अघिल्लो वर्ष सम्पन्न गरेका विभिन्न गतिविधिको कार्य प्रगति संलग्न गर्नु पर्ने छ । | | |
| | (४) विद्यालयमा आधारीत बाल समुहले अद्यावधिकको लागी निवेदन दिदा सम्बन्धित विद्यालयको सिफारीस पत्र संलग्न गर्नु पर्ने छ । | | |
| | (५) आबद्धता तथा सुचिकरणका लागि बाल समुहको नाम भेलाका सहभागि बालबालिकाले आपसी सहमतिमा जुराउन सक्नेछन । बाल समुहको ना त्यसै क्षेत्रका अर्को बाल समुहको नाम सँग मिलेमा दोहोरो पर्ने गरी राख्न सकिने छैन । | | |
| | ६) बाल समुहको नाम सँग कुनैपनि निजी वा गैर सरकारी संस्थाको नाम जोड्न सकिने छैन । | | |
| | (७) बाल समुहको सुचिकरण तथा नविकरणका लागी सम्बन्धित निकाय , व्यक्तिले अनिवार्य उपस्थिति भई प्रमाणित र सहमति प्रदान गर्नु पर्ने छ । | | |

| | | | |
|---|---|---|---|
| | (८) सुचिकृत तथा नविकरण भएका बालक्लबको प्रतिवेदन नगरकार्यपालिका लगायत बालअधिकार संरक्षणको क्षेत्रमा कार्यरत अन्य सरकारी निकायमा पठाउनु पर्ने छ । | | |

# बुद्धभूमि नगरपालिकाको अपाङ्गता कार्यविधि परिचय पत्र वितरण कार्यविधि २०७५ को पहिलो संसोधन (२०७९)

| क्र.सं | भएको विषय | संशोधन भएको विषय | सच्याउनु पर्ने कारण |
|---|---|---|---|
| | (१) अपाङ्गता भएका व्यक्तिको अधिकार सम्वन्धि ऐन, २०७४ को दफा ४२ अनुसार अपाङ्गता परिचय पत्र वितरण गर्ने समेत कार्यका लागि गाउँपालिका र नगरपालिकामा देहाय बमोजिमको स्थानीय समन्वय समिति रहनेछ :-<br>(ग) नगरपालिका भित्रका माध्यमिक विद्यालयका प्रधानाध्यापक वा श्रोत व्यक्ति मध्येबाट नगरपालिकाको नगर प्रमुखले तोकेको व्यक्ति सदस्य<br>(घ) नगर कार्यपालिकाको प्रमुखले तोकेको स्थानीय स्वास्थ्य चौकी वा अस्पतालको चिकित्सक सदस्य<br>(झ)नगरपालिकाको उपप्रमुखले तोकेको नगरपालिकाको कर्मचारी सदस्य | (१) अपाङ्गता भएका व्यक्तिको अधिकार सम्वन्धि ऐन, २०७४ को दफा ४२ अनुसार अपाङ्गता परिचय पत्र वितरण गर्ने समेत कार्यका लागि गाउँपालिका र नगरपालिकामा देहाय बमोजिमको स्थानीय समन्वय समिति रहनेछ :-<br>(ग) नगरपालिका भित्रका माध्यमिक विद्यालयका प्रधानाध्यापक मध्येबाट नगर प्रमुखले तोकेको व्यक्ति सदस्य<br>(घ) नगर प्रमुखले तोकेको स्वास्थ्य चौकी वा अस्पतालको चिकित्सक सदस्य<br>(झ) सामाजिक विकास शाखा/उपशाखा प्रमुख सदस्य-सचिव | समय सान्दर्भिक |

c

आज्ञाले
केशवराज सुवेदी
प्रमुख प्रशासकीय अधिकृत